फाकफोकथुम गाउँपालिका

पशु/कृषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६फाल्गुण २२

फाकफोकथुम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको कार्यालय

आमचोक, इलाम

फाकफोकथुम गाउँपालिका

पशु/कृषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०७७

प्रमाणीकरण मिति २०७७ भाद्र २२

पृष्ठभुमि :-

पशु/कृषि उत्पादन क्षेत्रलाई निर्वाहमुखीबाट ब्यवासायिकरणमा परिणत गर्न र तिब्रतर गतिमा लगानी बिस्तार गरि समग्र ब्यवसायलाई नै प्रतिस्पर्धी बनाउन अत्यावश्यक भएको छ | यसका लागि पशुपंक्षी/कृषिको उत्पादन प्रशोधन तथा बजारीकरण गरि कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एबं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र पशु /कृषि व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रबर्द्धन एबं गरिबी नयुनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउनुका साथै युवाहरुको बढ्दो बैदेशिक पलायनलाई निरुत्साहित गरि यस गाउँपालिकामा पशु तथा कृषि व्यवसायको माध्यमबाट हाम्रो नारा " **फाकफोकथुमको शान : पशु तथा कृषि बिकास समृद्द गाउँपालिका हाम्रो अभियान** " लाइ सफल पार्न साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज,सरल,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न फाकफोकथुम गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ |

परिच्छेद -१

१.प्रारम्भ

क)संक्षिप्त नाम र प्रारम्भ :

१.यो कार्यनीतिको नाम **"पशु/कृषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०७७"** रहेको छ |

२.यो कार्य बिधि तुरुन्त प्रारम्भ हुनेछ |

२ परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **गाउँपालिका** भन्नाले फाकफोकथुम गाउँपालिका सम्झनु पर्दछ |

ख) **शाखा** भन्नाले फाकफोकथुम गाउँपालिका पशु/कृषि शाखा सम्झनु पर्दछ |

ग) **कार्यालय** भन्नाले फाकफोकथुम गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ |

घ) **समूह** भन्नाले १५ देखि २५ जना कृषक संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनु पर्दछ |

ङ) **निजि फार्म** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ |

च) कार्यविधि भन्नाले "पशु/कृषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०७७" लाइ सम्झनु पर्दछ।

३. उद्देश्यहरु :

क) पशु/कृषि सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने।
ख) गाउँ सभाबाट विनियोजित रकमलाई पारादर्शी बनाई संचालन गर्न सहयोग पुग्ने
ग) संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुग्ने।
घ) गाउँपालिकालाई दूध,मासु, तरकारी र फलफूलमा आत्मनिर्भर बनाइ निर्यात गर्न सहयोग गर्ने।
ङ) पशु/कृषि व्यवसायको उद्यमशीलता प्रवर्द्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा शिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने।
च) पशु/कृषि व्यवासायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्यूनीकरण गर्ने।
छ) पशु/कृषि व्यवसायलाई प्रभावकारी तरिकाले संचलान गर्नको लागि विभिन्न प्रकारका बिउ,रासायिनिक मल,कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय-समयमा संचालन गर्ने।

परिच्छेद – २

पशुपन्छी फार्म/समूह/मासु पसल/डेरी/एग्रोभेट/दाना पसल पशु सेवा शाखामा दर्ता प्रक्रिया

उद्देश्य :

- पशुपन्छी फार्म/दाना पसल/ डेरी/मासु पसल/समूह पशु/कृषि सेवा शाखामा अभिलेख राखी तिनीहरुको नियमन,प्रबर्द्धन र अनुगमन गर्न।
- एग्रोभेट/ग्रा.प.स्वा.का./जेटी/जेटिए हरुलाई पशु/कृषि सेवा शाखामा सुचिकृत गरि तिनीहरुको नियमन,प्रवर्धन,परिचालन र अनुगमन गर्न।
- गाउँ सभाबाट स्वीकृत पशुपन्छी फार्म प्रबर्द्धन र पशुपन्छी बजार प्रबर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

फार्म दर्ताको मापदण्ड :

व्यवसायिक गाईभैंसी फार्मलाइ ३ बर्गमा विभाजन गरिने छ। बार्षिक ३० लाख सम्म कारोवार हुने सम्मका फार्मलाइ पालिकामा दर्ता गरिनेछ भने बार्षिक ३० लाख भन्दा माथि कारोवार गर्ने फार्मलाई गाउँपालिकामा सुचिकृत मात्र गरिनेछ।

१.व्यवसायिक गाईभैंसी फार्मको बर्गिकरण :

क) साना व्यवसायीक गाईभैंसी फार्म :

- ५-१० वटा उत्पादक र स्वस्थ्य गाईभैंसी पालन गरि दूध उत्पादन सुरु गरेका।

ख) मझौला व्यवसायीक गाईभैंसी फार्म :

- ११-२० वटा उत्पादक र स्वस्थ्य गाईभैंसी पालन गरि दूध उत्पादन सुरु गरेका।

ग) ठुला व्यवसायीक गाईभैंसी फार्म :

- २१ भन्दा माथि उत्पादक र स्वस्थ्य गाईभैंसी पालन गरि दूध उत्पादन सुरु गरेका |

२. व्यवसायिक बाख्रा फार्मको बर्गिकरण :

क) साना व्यवसायीक बाख्रा फार्म :

- २० वटा स्थानीय वा उन्नत उत्पादक र स्वस्थ्य बाख्रा पालन गरि उत्पादन सुरु गरेका

ख) मझौला व्यवसायीक बाख्रा फार्म :

- २१-४० वटा स्थानीय वा उन्नत उत्पादक र स्वस्थ्य बाख्रा पालन गरि उत्पादन सुरु गरेका

ग) ठुला व्यवसायिक फार्म :

- ४१ वटा भन्दा माथि स्थानीय वा उन्नत उत्पादक र स्वस्थ्य बाख्रा पालन गरि उत्पादन सुरु गरेका

३. व्यवसायिक बंगुर फार्मको बर्गिकरण :

क) साना व्यवसायिक बंगुर फार्म :

- पाठा पाठी उत्पादनको लागि ५-१० माउ उत्पादक र स्वस्थ्य माउ र मासु उत्पादनको लागि भए १० वटा स्वस्थ्य बंगुर पालन गरि २ बर्ष अघिदेखि शुरु गरेको

ख) मझौला व्यवसायिक बंगुर फार्म :

- पाठा पाठी उत्पादनको लागि ११-१५ माउ उत्पादक र स्वस्थ्य माउ र मासु उत्पादनको लागि भए २५ वटा स्वस्थ्य पालन गरि२ बर्ष अघिदेखि शुरु गरेको

ग) ठुला व्यवसायिक बंगुर फार्म :

- पाठा पाठी उत्पादनको लागि १६ माउ माथी उत्पादक र स्वस्थ्य माउ र मासु उत्पादनको लागि भए ४५ वटा स्वस्थ्य पालन गरि २ बर्ष अघिदेखि शुरु गरेको

४. व्यवसायिक कुखुरा फार्मको बर्गिकरण :

क) साना व्यवसायिक कुखुरा फार्म :

- ५००-१००० ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ स्थानीय कुखुरा भए १००-५०० वटा हुनु पर्नेछ |

ख) मझौ ला व्यवसायिक कुखुरा फार्म :

- १००-३००० ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ स्थानीय कुखुरा भए ५००- १००० वटा हुनु पर्नेछ |

ग) ठुला व्यवसायिक कुखुरा फार्म :

- ३१०० भन्दा माथि ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ स्थानीय कुखुरा भए १००० वटा भन्दा माथि हुनु पर्नेछ |

नरेश घिमिरे

५. हाँस पालन गर्न चाहेमा ५० वटालाई साना फार्म १०० वटा माथि लाइ मझौला २०० भन्दा माथि लाई ठुला फार्म मानिनेछ।

६.बरायो पालन गर्न ३० माउ माथि साना १०० माउ माथि मझौला र ३०० माउ माथि पालन ठुला फार्म मानिनेछ।

७.मत्स्य पालन : मत्स्य पालन गरेमा गर्न चाहेमा २ रोपनी क्षेत्रफल बराबरको जग्गामा पोखरी खनी मत्स्य पालन गरिरहेको भए साना ५ रोपनी भन्दा माथि भए मझौला र १० रोपनी भए ठुला फार्म मानिनेछ।

८. मासु पसल : दैनिक २० किलो भन्दा बढी मासु बिक्रि गर्ने मासु पसललाई दर्ता प्रक्रियामा लगिने छ।

९. दुग्ध डेरी : दैनिक १०० लिटर भन्दा बढी दूध खरिद बिक्रि तथा प्रशोधन गर्ने गरि व्यवसाय संचालित व्यवसायलाई दर्ता प्रक्रियामा लगिने छ।

१०. फलफूल तथा तरकारी पसल : दैनिक ५० किलो सम्म फलफूल तथा तरकारीको कारोवार गर्ने पसललाई दर्ता प्रक्रियामा लगिनेछ

११. एग्रोभेट : सम्बन्धित निकायमा दर्ता भइ आन्तरिक राजस्व कार्यालयबाट पान नं लिएर संचालन भैरहेको व्यवसायलाई शाखामा सुचिकृत गरिनेछ।

१२. जेटी/जेटिए : विभिन्न नेपाल सरकारबाट मान्यता प्राप्त अधिकारिक शैक्षिक संस्थाबाट योग्यता पुरा गरेका प्राबिधिकहरुलाई पशु/कृषि शाखामा सुचिकृत गरिने छ।

१३. समूह :१५-२५ कृषकहरु संगठित भइ कुनै पशु/कृषि बिशेष काम जस्तै बाख्रापालन,गाईभैंसी पालन,कुखुरापालन,फलफूल,दलहन,तेलहन,खाद्यान्न,मसला,तरकारी बालि आदि खेति गरिरहेको समुहलाई दर्ता प्रक्रियामा लगिने छ।

१४. व्यवसायी संघ : परिच्छेद २ मा उल्लेख भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/ डेरी/मासु पसल/समूह /कृषि तथा भेटेरिनरी प्राविधिक आदिको उल्लेख्य संख्या पुगेमा पालिका स्तरीय संघ बनाउने अनुमति दिइनेछ।

पशु तर्फ समूह तथा फार्म दर्ता प्रक्रिया :

पशुपालन समुहको लागि :

- समूह गठन गर्ने आम भेलाको निर्णय
- कार्यसमिति को समूह दर्ता गरिपाउँ भन्ने निवेदन
- समुहका सम्पूर्ण सदस्यहरुले पारित गरेको बिधान १ प्रति
- अध्यक्षले सिफारिस गरेको समूह सदस्यहरुको आधारभूत सर्भेक्षण अनुसारको विवरण
- समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस
- राजश्व शाखामा राजश्व बुझाएको रसिद

- नवीकरण गर्न हिताकोष रकमको विवरण,बार्षिक प्रगति प्रतिवेदन ,समुहले पारित गरेको बार्षिक कार्यतालिका ,समुहको निर्णयको प्रतिलिपि,कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ |

पशुपालन फार्मको लागि :

यस गाउँपालिका भित्रका पशुपालन पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा पशु सेवा शाखाबाट फिल्ड अवलोकन गरि फार्म दर्ता गर्न उपयुक्त देखिएमा पशु सेवा शाखामा फार्म दर्ता गरिनेछ |

- फार्म दर्ता गरिपाउँ भन्ने निवेदन |
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
- नागरिकताको प्रतिलिपि
- चारकिल्ला को मंजुरिनामा पत्र
- जग्गा भाडामा भए १० बर्षे सम्झौता पत्र
- व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० बर्षे मंजुरिनामा पत्र
- आधारभूत सर्भेक्षण फारम
- ५ बर्षको लागि व्यवशायिक योजना
- सम्बन्धित वडाको सिफारिस
- फार्मको छाप
- नवीकरण गर्न बार्षिक प्रगति प्रतिवेदन , बार्षिक कार्ययोजना तालिका,कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ |
- राजश्व शाखामा राजश्व बुझाएको रसिद

नोट :

- दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/ डेरी/मासु पसल/समूह /कृषि तथा भेटेरिनरी प्राविधिक/संघ आदि लाइ दर्ता तथा सुचिकृत गरि प्रमाण पत्र प्रदान गरिने छ |
- दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/ डेरी/मासु पसल/समूह /कृषि तथा भेटेरिनरी प्राविधिक/संघ आदिले प्रत्येक वर्ष राजस्व परामर्स समितिले निर्धारण गरेको शुल्क तिरी नवीकरण गर्नुपर्नेछ
- दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/ डेरी/मासु पसल/समूह /कृषि तथा भेटेरिनरी प्राविधिक/संघ आदिको समय-समयमा अनुगमन गरिनेछ र कानुन बिपरित कामकाज गरेको पाइएमा तुरुन्त कारवाही गरि दर्ता खारेजी सम्म गर्न सकिने छ |

कृषि समूह तथा तर्फ फार्म दर्ता प्रक्रिया

कृषि समुहको लागि

- समूह गठन गर्ने आम भेलाको निर्णय
- कार्यसमिति को समूह दर्ता गरिपाउँ भन्ने निवेदन
- समुहका सम्पूर्ण सदस्यहरुले पारित गरेको बिधान १ प्रति
- अध्यक्षले सिफारिस गरेको समूह सदस्यहरुको आधारभूत सर्भेक्षण अनुसारको विवरण
- समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि

रमेश घिमिरे

- वडा कार्यालयको सिफारिस
- राजश्व शाखामा राजश्व बुझाएको रसिद
- नवीकरण गर्न हिताकोष रकमको विवरण,बार्षिक प्रगति प्रतिवेदन ,समुहले पारित गरेको बार्षिक कार्यतालिका,समुहको निर्णयको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ ।

कृषि फार्मको लागि

यस गाउँपालिका भित्रका कृषि पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा कृषि बिकास शाखाबाट फिल्ड अवलोकन गरि फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि बिकास शाखामा फार्म दर्ता गरिनेछ।

न्युनतम मापदण्ड :

- तरकारीको लागि न्युनतम ५ रोपनी जग्गामा खेति भएको हुनुपर्ने।
- मौरीको लागि न्युनतम २५ वटा घारमा मौरी पालन भएको हुनुपर्ने।
- च्याउको लागि ५ वटा च्याउ घर भएको हुनुपर्ने।
- फलफूलको लागी १०० वटा बिरुवा रोपेको हुनुपर्ने।
- खाद्यान्न बालि भए २० रोपनी माथि खेति भएको हुनुपर्ने
- मसला बालिमा अलैंचीभए न्युनतम २०रोपनी जग्गामा खेति भएको हुनुपर्ने
- अन्य मसला बालि भए न्युनतम ५ रोपनी जग्गामा खेति भएको हुनुपर्ने।
- नगदे बालि भए न्युनतम १० रोपनी जग्गामा खेति भएको हुनुपर्ने।

कृषि फार्म दर्ता प्रक्रिया :

- फार्म दर्ता गरिपाउँ भन्ने निवेदन।
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
- नागरिकताको प्रतिलिपि
- चारकिल्ला को मंजुरिनामा पत्र
- जग्गा भाडामा भए १० बर्षे सम्झौता पत्र
- व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० बर्षे मंजुरिनामा पत्र
- आधारभूत सर्भेक्षण फारम
- ५ बर्षको लागि व्यवशायिक योजना
- सम्बन्धित वडाको सिफारिस
- फार्मको छाप
- नवीकरण गर्न बार्षिक प्रगति प्रतिवेदन , बार्षिक कार्ययोजना तालिका,कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ ।
- राजश्व शाखामा राजश्व बुझाएको रसिद

अनुसूची -१

पशु/कृषि फार्म दर्ताको लागि व्यबसायिक योजनाको नमुना

१. व्यवासायको परिचय

२. स्थान :

३. लक्षित बजार क्षेत्र :

४. लक्षित ग्राहक :

५. उत्पादन तथा बिक्रि लक्ष्य :

क्र.सं.	बस्तुको विवरण	अनुमानित उत्पादन विवरण	कैफियत
१			
२			
३			

६. आवश्यक स्थिर सम्पत्ति:

क्र सं	विवरण	आवश्यक परिमाण	दर	जम्मा मूल्य	अनुमानित आयु	ह्रास रकम प्रतिबर्ष	कैफियत
१							
२							
	जम्मा लागत						

७. आवश्यक कच्चा पदार्थ :

क्र सं	विवरण	आवश्यकता			दर	जम्मा लागत बार्षिक
		दैनिक	मासिक	बार्षिक		
१						
२						
	जम्मा लागत					

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

८. आवश्यक जनशक्ति :

क्र सं	आवश्यक संख्या	मासिक दर	जम्मा	कैफियत
१				
२				
	जम्मा			

९. अन्य शिर्षभार खर्च :

क्र सं	विवरण	एकाई	दर	बार्षिक	कैफियत
१					
२					
	जम्मा				

१०. कुल उत्पादन लागत :

क्र सं	विवरण	दर	जम्मा	कैफियत
१				
२				
	जम्मा			

११. प्रति एकाई उत्पादन लागत :

१२. आवश्यक कुल पुंजी :

क्र सं	विवरण	रकम	कैफियत
१	स्थिर सम्पत्ति		
२	संचालन अघिको खर्च		
३	चालु पुंजी कच्चा पदार्थको मौज्दात तयारी मालको मौज्दात उधारो बिक्रि		
४	जनशक्ति खर्च		
५	शिर्षभार खर्च		

उमेश घिमिरे

१३. कुल पुंजी :

क्र सं	विवरण	रकम
१	स्वलागानी	
२	सापटी	
३	कर्जा	
४	अनुदान	
	जम्मा	

१४. प्रति एकाई बिक्रि मूल्य :

क्र सं	विवरण	रकम
१	प्रति एकाई उत्पादन लागत (नं ११ बाट)	
२	प्रति एकाई लागत (ह्रास तथा ब्याजबाट)	
३	अन्तिम खर्च	
४	अनुमानित नाफा	
४	बिक्रि मूल्य	

१५. प्रथम चरणको नाफा नोक्सान :

क्र सं	विवरण	खर्च	आम्दानी
१	बिक्रिबाट आम्दानी		
२	खर्च चालु खर्च कच्चा पदार्थ जनशक्ति स्थिर खर्च अप्रत्यक्ष खर्च		
३	शिर्ष भार ह्रास ब्याज कर तिर्नु अघिको खुद नाफा (१-२)		

१६. लगानीमा प्रतिफल :

१७. पारबिन्दु :

१८. निष्कर्ष :

अनुसूची -२

कृषक समुहको विधानको नमुना

प्रस्तावना .

परिच्छेद १

१ संक्षिप्त नाम र प्रारम्भ

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

परिच्छेद २

चिन्न र छाप

परिच्छेद ३

कार्यालय र कार्य क्षेत्र

परिच्छेद ४

समुहको उदेश्य :

परिच्छेद ५

५.सदस्यता :

परिच्छेद ६

सदस्यताको योग्यता

परिच्छेद ७

साधारण सभाको काम कर्तव्य र अधिकार

परिच्छेद ८

साधारण सभा :

परिच्छेद ९

कार्यकारी समितिको गठन

कार्यहरु/जिम्बेवारी

अध्यक्ष उपाध्यक्ष :सचिव : कोषाध्यक्ष :

परीच्छेद १०

कार्यकारी समितिको काम कर्तव्य र अधिकार

परीच्छेद ११

समुहको काम कर्तव्य र अधिकार

परीच्छेद १२
आर्थिक श्रोत

परीच्छेद १३
बचत सम्बन्धि

परीच्छेद १४
लगानी सम्बन्धि
१५ लेखा समिति :

१६ विधान संशोधन र नियम :

१७ मतदान

परीच्छेद १८

विवाद समाधान गर्ने
बर बुजारत :
अन्य थप कुराहरु
परीच्छेद १९
पद रिक्त हुने

परीच्छेद २०
समुहको विगठन :

समाप्त

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि १

श्री

मिति २०...../.../.....

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
फाकफोकथुम गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय,आमचोक,इलाम

बिषय :– समुह दर्ता गरी पाँउ भन्ने बारे ।

महोदय,

प्रस्तुत बिषयमा फाकफोकथुम गाँउपालिका ..... नम्बर वडामा मिति ..... साल .... गतेका दिन गठीत **श्री** ..... **कृषक समुह** लाई बिधिवत रुपमा दर्ता गरी संचालन गर्नु पर्ने भएकोले समुह मार्फत पास भएको विधान, घरधुरी सर्भेक्षण फारम,समुहको माईनेट, वडा कार्यालयको सिफारीस यसै साथ संलग्न राखी समुह दर्ता गरी पाँउ भनी सविनय यो निवेदन पेश गरेको छु ।

अध्यक्ष

.....
..... समुह
फाकफोकथुम वडा नं.....

उमेश धिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि २

समुह/समिति दर्ता प्रयोजनका लागी मात्र आधारभुत सर्भेक्षण फारम

फोटो

समुह/समितिमा रहने कृषकको नाम : ..... ठेगाना :.....
परिवार सदस्य संख्या : .....

पालिएका पशुक/बालिको किसिम : .....जम्मा सख्या/क्षेत्रफल .....

घाँस/बालि खेती भएको रोपनी .....
समुह/समितिको सदस्य बन्नुको उदेश्य : .....

अन्य संचालनमा रहेका पशुपालन/कृषि समुहमा सदस्य हुनु भएको छ ?.....

घाँस/बालि कुन कुन लगाउनु भएको छ : .....

पशुपंक्षी/बाली लाई कुन कुन दाना/मल प्रयोग गर्नु हुन्छ ?.....

पशु/बाली उपचार सेवा उपलब्ध छ/छैन :.....

पशु/बालीहरुमा कुन रोग बढी देखीन्छ ?
कृत्रिम गर्भाधान सेवा छ/छैन :.....
पशुपंक्षी पालन सामुहिक रुपमा गर्नु भएको छ ?.....
उत्पादित बस्तु/बालि बिक्री गर्न बजारको समस्या छ/छैन.....

पशुपंक्षी पालन/खेतीमा गर्नमा समस्याहरु के के छन?.....

कृषि/पशु पालनले रोजगारी दिएको छ/छैन.....
कृषि/पशुपालन सम्बन्धि तालिम लिनु भएको छ ?.....कहाँ.....कति दिनको.....
फाकफोकथुम गाँउपालिका साथै अन्य सरकारी निकाय बाट प्राप्त गर्नु भएको. छ/छैन.....

विवरण पेश गर्नेको

नाम :

ठेगाना :

दस्तखत :

मिति :

फोन नम्बर :

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ३

समुह/समितिका सदस्यहरुको विवरण :

क्र. स.	नाम थर	ठेगाना	पद	उमेर	घाँस/बालि लगाएको क्षेत्रफल	पशुपंक्षी संख्या/खेति गरेको जमिको क्षेत्रफल	गोठ/खेतीको प्रकार पराम्परागत/ आधुनिक	हस्ताक्षर

विवरण पेश गनर्कों विवरण

नाम

पद :

हस्ताक्षर :

छाप :

मिति :

सिफारीस गर्नेको विवरण

नाम :

पद :

हस्ताक्षर :

छाप :

मिति :

उमेश घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ४

चिन्ह र छाप

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ५

मिति २०...../.../.....

श्रीमान अध्यक्ष ज्यू ,

..... पशुपालन/कृषि समुह

फाकफोकथुम .....

बिषय :– समुह सदस्यता पाँउ भन्ने बारे ।

महोदय,

प्रस्तुत बिषयमा फाकफोकथुम गाँउपालिका ... नम्बर वडामा रहेको ..... पशुपालन/कृषि समुहमा म फाकफोकथुम वडा नं. .. बस्ने .....लाई समुहको विधान भित्र रही सदस्यता लिन इच्छा भएकोले सदस्यता पाँउ भनी नेपाली नागरीकताको प्रतिलिपि सहित सविनय यो निवेदन पेश गरेको छु ।

निवेदक

.....

फाकफोकथुम .....

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ६

ऋण माग फारम

मिति २०...../.../.....

श्रीमान अध्यक्ष ज्यू ,

..... पशुपालन/कृषि समुह

फाकफोकथुम .....

बिषय :– ऋण उपलब्ध गराई पॉउ भन्ने बारे ।

महोदय,

प्रस्तुत बिषयमा फाकफोकथुम गॉउपालिका ... नम्बर वडामा रहेको ..... पशुपालन/कृषि समुहको सदस्य म फाकफोकथुम वडा नं. ... बस्ने .....लाई समुहको विधान भित्र रही .....कार्यको लागी रु..... अक्षेरुपि रु.....मात्र ऋण पाँउ भनीसविनय यो निवेदन पेश गरेको छु ।

निवेदक

.....

फाकफोकथुम

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ७

तमसुकको नमुना

लिखितम ईलाम जिल्ला फाकफोकथुम गाँउपालिका.....वडा बस्ने.....कोनाती.....छोरा,छोरी,पत्नी, बुहारी,बर्ष.....को,श्री.....ले..... ,.....समुह,समितिले निर्धारण गरीएको ब्याज दर,भाखा कृषक समुह,समितिको.....सर्तका,अधिनमा,रही..... ..... प्रयोजनका लागी ऋण,..... बैक खाता नम्बर.....,.....बैक शाखा कार्यायल,.....बाट समुह,समिति बाट साँवा .....ब्याज दर.....कादरलेबुझाउने,सर्तमा,बुझिलिई,२०.....साल.....महिना..... .....को रोहाबरमा..... मसान्त भित्र बुझाउने भाखा राखी तपशिल खण्डमा लेखिएका व्यक्ति ,कार्यालय बाट बुझिलिएको बिक साँचो हो ।

माथि कवुलियत गरीएको भाखा भित्र तिर्ने गरी सावा ब्याज बुझाउने छु तिर्न बुझाउन सकिन भने मेरो चल अचल श्री सम्पति बाट नेपालको प्रचलित कानुन बमोजिम असुल उपर गरीलिएमा मेरो मञ्जुरी छ ।

तपशिल खण्डमा साक्षि किनारा सदर :

तपशिल

जिल्ला ईलाम फाकफोकथुम गाँउपालिका..... वडा नं..... टोल बस्ने.....बर्षको,श्री.....ईति,संवत,२०.....साल... .....महिना.....गते.....रोज शुभम् ।

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची -८

बार्षिक कार्ययोजना तालिका

समुहको नाम :　　ठेगाना :　　आ: ब.

क्रस.	कार्यक्रमको नाम	ईकाई	बजेट	बिभिन्न लगानीको क्षेत्र			समय अवधि	जिम्मेवार व्यक्ति	कैफियत
				समुह	पशु/कृषि विकास कार्य	बाह्य			

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसिच ९

संरक्षकहरुको विवरण

सि.नं.	नाम थर	ठेगाना	पद
१			
२			
३			
४			
५			

सल्लाहकारहरुको विवरण

सि.नं.	नाम थर	ठेगाना	पद
१.			
२.			
३.			
४.			
५.			

अनुगमन समिति

सि.नं.	नाम थर	ठेगाना	पद
१			
२			
३			
४			
५			

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि-१०

पशु/कृषि फार्म दर्ता प्रमाण पत्रको नमुना

फाकफोकथुम गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
आमचोक इलाम

दर्ता नं.
आ.व.

नं.१ प्रदेश, नेपाल

फार्म दर्ता प्रमाण पत्र

कृषि/पशुपालन व्यवसायलाई व्यवसायिक बनाइ रोजगारीका अवसरहरु सिर्जना गर्ने उद्देश्यले यस इलाम जिल्ला फकफोकथुम गाउँपालिका वडा नं .....मा मिति .....मा स्थापित श्री .....फार्म लाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ

शाखा प्रमुख मिति प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित गर्ने
उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
फाकफोकथुम गाउँपालिका

उमेश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत